जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक १४२ • २०८२ फागुन ३० गते शनिवार • 14 Mar. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## पार्टी सभापति गगन कुमार थापाले राजीनामा दिनु उपयुक्त नहुनेः साह

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ फागुन**

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा धनुषा क्षेत्र नम्बर-१ का उम्मेदवार राम पल्टन साहले पार्टी सभापति गगन कुमार थापाले राजीनामा दिनु उपयुक्त नहुने बताएका छन् । उनले वर्तमान राजनीतिक परिस्थितिमा पार्टीलाई स्थिर र सुदृढ बनाउँदै अघि बढाउन थापाको नेतृत्व आवश्यक रहेको बताएका हुन् ।

साहले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा नेपाली कांग्रेसले नेपालको लोकतान्त्रिक इतिहासमा परिवर्तन, लोकतन्त्र र जनअधिकारको पक्षमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको उल्लेख गरेका छन् । वर्तमान समयमा संघीय व्यवस्थाको संस्थागत विकास, राजनीतिक स्थायित्व र सुशासनका लागि जिम्मेवार तथा दूरदर्शी नेतृत्वको आवश्यकता अझ बढेको उनको भनाइ छ । उनका अनुसार विशेष महाधिवेशनबाट गगन थापा सभापतिमा निर्वाचित हुनु समयको माग र राजनीतिक परिस्थितिको परिणाम हो । देशमा नयाँ नेतृत्व, नयाँ सोच र नयाँ राजनीतिक संस्कारको माग बढिरहेका बेला स्वच्छ छवि भएका युवा नेतृत्वलाई जिम्मेवारी दिनु अपरिहार्य बनेको उनले बताएका छन् ।



साहले फागुन २१ गते सम्पन्न आम निर्वाचनमा नेपाली कांग्रेसले अपेक्षित नतिजा प्राप्त गर्न नसके पनि पार्टीले आफ्नो राजनीतिक उपस्थिति कायम राख्न सफल भएको उल्लेख गरेका छन् । निर्वाचनको परिणाम एक व्यक्तिको कारणले मात्र तय नहुने भन्दै उनले चुनावी सफलता वा असफलता संगठनको अवस्था, आन्तरिक एकता, रणनीति र समग्र राजनीतिक परिस्थितिसँग सम्बन्धित हुने बताए । उनले पार्टीभित्र कतिपय स्थानमा आन्तरिक असन्तुष्टि, प्रतिस्पर्धा र समन्वयको अभाव देखिएको पनि स्वीकार गरेका छन् । यस्ता कारणले केही निर्वाचन क्षेत्रमा संगठनात्मक एकता कमजोर भएको उनले बताएका छन् । विज्ञप्तिमा उनले सभापति थापाले नेतृत्व सम्हालेको छोटो अवधिमा पार्टीलाई पूर्णरूपमा रूपान्तरण गर्ने पर्याप्त समय नपाएको पनि उल्लेख गरेका छन् । अहिलेको अवस्थामा नेतृत्व परिवर्तनको माग गर्नु उचित नहुने उनको धारणा छ ।

'यदि सभापति थापाले राजीनामा दिनुभयो भने पार्टीभित्र शक्ति शून्यता उत्पन्न हुन सक्छ । यसले संगठनात्मक स्थायित्वलाई कमजोर बनाउन सक्छ,' विज्ञप्तिमा भनिएको छ । साहले गगन थापाको नेतृत्वमा नेपाली कांग्रेसलाई 'नेपाली कांग्रेस २.०' का रूपमा विकास गर्ने लक्ष्य राखिएको पनि बताएका छन् । पारदर्शिता, उत्तरदायित्व, समावेशिता र युवा सहभागितामा आधारित संगठन निर्माण गर्न पार्टी अघि बढिरहेको उनले उल्लेख गरेका छन् । यसैबीच उनले २०८२ को आम निर्वाचनमा पराजित भए पनि जनतासँगको सम्बन्धलाई निरन्तरता दिइरहेको बताएका छन् ।

धनुषा क्षेत्र नम्बर-१ का विभिन्न गाउँ तथा बस्तीमा पुगेर मतदातासँग प्रत्यक्ष भेटघाट गर्दै सुझाव र अपेक्षा सुन्ने अभियान सञ्चालन गरिरहेको उनले जानकारी दिएका छन् । साहले निर्वाचनमा जित नआए पनि जनताप्रतिको आफ्नो दायित्व समाप्त नभएको भन्दै आगामी दिनमा पनि जनताका समस्या समाधानका लागि वकालत गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

## चौधरीले मानवताको उदाहरण प्रस्तुत गर्दै आफ्नै "बी पोजिटिभ" समूहको रगत दान

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २९ फागुन**

महोत्तरीको गौशाला नगरपालिका-११ कालिपुर निवासी २६ वर्षीय तेज नारायण सिंह हाल ब्लड क्यान्सरका कारण जनकपुरस्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचाररत छन् ।

उपचारका क्रममा उनको हेमोग्लोबिनको मात्रा अत्यन्तै घटेर ३.१ पुगेपछि तत्काल रगत आवश्यक परेको थियो । बिरामीको अवस्था गम्भीर बनेपछि रगतको अभाव देखिएको अवस्थामा जनकपुरधामका हाडजोर्नी तथा नसारोग विशेषज्ञ डा. रामबिनय चौधरीले मानवताको उदाहरण प्रस्तुत गर्दै गएराति करिब ११:४५ बजे आफ्नै "बी पोजिटिभ" समूहको रगत दान गर्नुभएको हो । डा. चौधरीको उक्त मानवीय सहयोगबाट बिरामीको उपचार प्रक्रियामा महत्वपूर्ण सहयोग पुगेको अस्पताल स्रोतले जनाएको छ ।



कठिन परिस्थितिमा गरिएको उक्त सहयोगप्रति बिरामीका आफन्त तथा स्थानीयवासीले आभार व्यक्त गरेका छन् । गौशाला नगरपालिका-११ का स्थानीय रमेश कुमार महतोले चिकित्सक चौधरीको कार्य सराहनीय रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "यस्तो कठिन अवस्थामा राति नै आएर रगत दान गर्नु ठूलो मानवता हो । डा. चौधरीज्यूले देखाउनुभएको यो कार्यले समाजमा सकारात्मक सन्देश प्रवाह गरेको छ ।" मानवीय सेवाको भावनासहित गरिएको रक्तदानले समाजमा सहकार्य, सहयोग र परोपकारको भावना अभिवृद्धि गर्ने विश्वास व्यक्त गरिएको छ ।

## प्रादेशिक अस्पताल जलेश्वरको सेवा सुधार गर्न स्थानीय युवाहरुद्वारा माग

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २९ फागुन**

प्रादेशिक अस्पताल जलेश्वरको सेवा सुधार गर्न स्थानीय युवाहरुले माग गरेका छन् । उनीहरुले बिरामीको उपचार हुने अस्पताल व्यवस्थापन समितिका पदाधिकारीकै कारण आफै समस्यामा परेको आरोप समेत लगाएका छन् ।



मधेश प्रदेश सरकारले मनोमानी तरिकाले पुरानै नेतृत्वलाई फेरि जिम्मेवारी दिन खोजेपछि युवाहरूले आपत्ति जनाउँदै अस्पताल सुधारकालागि जलेश्वर प्रादेशिक अस्पतालका निमित प्रमुख डा.रवि श्रीवास्तवललाई शुक्रबार ज्ञापनपत्र बुझाएको हो । राजनीतिक खिचातानी, स्वार्थ समूहको प्रभाव र प्रशासनिक कमजोरीले अस्पतालको सेवा प्रवाहमा गम्भीर असर परेको र पुरानै अध्यक्ष मिनु झालाई पुनः नियुक्त गर्ने तयारी गरिएको भन्दै स्थानीय युवाहरूले विरोध जनाएका स्थानीय नविन झाले बताए । अस्पतालको सेवा दिनप्रतिदिन कमजोर हुँदै गएको र सुधारको सट्टा राजनीतिक हस्तक्षेप बढिरहेको झाले बताए । अस्पताल व्यवस्थापनमा पारदर्शिता र दक्ष नेतृत्व आवश्यक रहेको बेला पुरानै व्यक्तिलाई पुनः नियुक्त गर्ने प्रयासले स्वास्थ्य सेवा थप प्रभावित हुने खतरा रहेकोले सजग गराउन ज्ञापन पत्र बुझाएको युवा चन्दन तिवारीले बताए । जलेश्वर प्रादेशिक अस्पतालमा अत्याधुनिक उपकरण र ठूला भवन भए पनि जनशक्ति अभाव, उपकरण मर्मत हुन नसकेको र सरकारी उदासिनताका कारण सेवा दिनदिनै कमजोर बन्दै गएको र डायलासिस, आईसीयू जस्ता उपकरण प्रयोगमा नआउँदा बिरामी उपचार नपाएर फर्किन बाध्य भएकोले अस्पताल सुधार्न सक्ने व्यवस्थापन समितिको नेतृत्व पाउनुपर्ने युवाहरुले माग गरेका छन् । अस्पताल व्यवस्थापन समितिको अध्यक्ष प्रदेश सरकारबाट नियुक्त हुने व्यवस्था छ । अस्पताललाई राजनीतिक प्रभावबाट मुक्त गरी प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने स्थानीय युवाहरुले माग गरेका छन् ।









## तिमी अचेल पहिले जस्ती छैनौ

*तिमीलाई भेट्दा तिमी 'इन्द्रेणी' थियौ*
*अचेल देख्दा लाग्छ, म 'ह्यालुसिनेसन'मा छु*
*म देख्छु - स्पष्ट छुट्टिन नमानेका सात रङ*
*म नियाल्छु - तिम्रो अस्तित्वको अर्ध चक्र*
*तर पाउँदै पाउँदिनँ, तिमी जस्ती तिमी ।*
*कहरका शीतले कठ्याङ्गिएका रहर देखे*
*तिमी बाध्यताका डाँडा छिचोलेर नि उदाउँथ्यौ*
*अभावले सेकेर धाँजा फाटेका सपना देखे*
*तिमी आफन्तहरूसँग चड्केर नि वर्षिन्थ्यौ*
*वसन्तको दयामा खुसीको एउटा आँकुरा देखे*
*तिमी आफ्नै खुसी बन्धकी राखेर नि बेरबार गर्थ्यौ*
*अचेल,*
*शीत लहरले रहर लग्नै लाग्दा झुल्किन्छ्यौ*
*म देख्ने हालतमै थिइनँ भनेर उम्किन्छ्यौ*
*प्रिय,*
*मलाई तिम्रै गमलामा हुर्केको बानी छ*
*बगैँचामा प्रकृतिको भव्य स्याहारले पनि पुग्दैन ।*
*चित्त नबुझेर खुम्चेको निधार देखे*
*तिमी पश्चातापको लाली लाएर चुम्न आउँथ्यौ*
*चित्त बुझेर फुलेको छाती देखे*
*तिमी समानुभूतिको आँगालोले नाप्न आउँथ्यौ*
*चित्त दुखेर बर्सेका आँखा देखे*
*तिमी सहानुभूतिका औँलाले पुछ्न आउँथ्यौ*
*अचेल,*
*तिम्रो ओठले निधार चुम्दैन*
*चुमे पनि लाली औपचारिकताको हुन्छ*
*तिम्रो अँगालोले छाती नाप्दैन*
*नापे पनि नाप्ने फिता विवशताको हुन्छ*
*तिम्रा औँलाले आँसु पुछ्दैनन्*
*पुछे पनि आँसु मात्र पुछ्छन्*
*पीडाको खिल डिलमै छाडेर जान्छन् ।*
*अचेल,*
*मलाई देख्न नपाउँदै तिम्रो मुटु भतभतिन्छ*
*प्रेमको गाजल लाउन नपाउँदै गालाभरि लतपतिन्छ*
*जुन मेरो चुम्बनले मेटाउन सक्दैन ।*
*अचेल,*
*मेरो स्वर सुन्न नपाउँदै तिम्रा कान भनभनिन्छन्*
*प्रेमको झुम्का झुन्डिन नपाउँदै भुइँमा रनथनिन्छन्*
*जुन मेरा हातले भेटाउन सक्दैनन् ।*
*अचेल,*
*मैले जे गरे पनि तिम्रो मुहारमा बादल लाग्छ*
*किन सोध्न नपाउँदै रिसले तिम्रो वक्ष फैलिन्छ*
*जुन मेरो अँगालोमै अटाउन सक्दैन ।*
*अचेल,*
*हो, तिमी अचेल पहिले जस्ती छैनौ*
*हुन त म पनि पहिले जस्तो छैन कि ?*

**–: परि विक्रम :–**

# नारायणी रंगशालाको मर्मत तथा पुनर्निर्माण कार्य औपचारिक रूपमा सुरु

**जलेश्वरटुडे समाचारदाता**
**पर्सा, २९ फागुन**

पर्साको वीरगञ्जस्थित नारायणी रंगशालाको मर्मत तथा पुनर्निर्माण कार्य औपचारिक रूपमा सुरु गरिएको छ । लामो समयदेखि जीर्ण अवस्थामा रहेको रंगशालाको पुराना संरचना हटाउँदै नयाँ निर्माणको प्रक्रिया अघि बढाइएको हो ।

पर्सा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दीपककुमार कानुले पहिलो चरणअन्तर्गत रंगशालाभित्र रहेका पुराना तथा जीर्ण ८८ वटा प्याराफिटहरू डोजर प्रयोग गरेर भत्काउने काम सुरु गरिएको जानकारी दिए । ती संरचनाहरू हटाएपछि नयाँ प्याराफिट निर्माण गरिने योजना रहेको उनले बताए ।



सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत रंगशालाको पुनर्निर्माणका लागि ४ करोड रुपैयाँ विनियोजन गरेको छ। सोही बजेट निकासा भएपछि प्रारम्भिक निर्माण कार्य अघि बढाइएको अध्यक्ष कानुको भनाइ छ । उनका अनुसार तत्कालीन कानुनमन्त्री अजय चौरसियाको पहल तथा तत्कालीन युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीको समन्वयमा बजेट व्यवस्था गरिएको थियो । हाल उपलब्ध बजेटबाट प्रारम्भिक चरणका काम मात्रै सम्पन्न गरिने बताइएको छ । रंगशालाको पूर्ण मर्मत तथा स्तरोन्नतिका लागि थप बजेट आवश्यक पर्ने अध्यक्ष कानुले बताए। पहिलो चरणको काम सम्पन्न भएपछि नेपाल सरकार र युवा तथा खेलकुद मन्त्रालयसँग थप बजेट माग गर्ने तयारी गरिएको उनले जानकारी दिए । यसैबीच, मधेश प्रदेश सरकारले पनि चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा नारायणी रंगशालालाई अन्तर्राष्ट्रिय स्तरको रंगशालाका रूपमा विकास गर्ने लक्ष्य उल्लेख गरेको छ। त्यसैले प्रदेश सरकारबाट पनि थप आर्थिक सहयोगका लागि पहल गरिने योजना रहेको छ । करिब ३५ हजार दर्शक क्षमता रहेको नारायणी रंगशाला लामो समयदेखि मर्मत अभावका कारण जीर्ण अवस्थामा पुगेको थियो । विगतमा यहाँ राष्ट्रियस्तरका विभिन्न खेलकुद प्रतियोगिता आयोजना हुने गरे पनि पछिल्ला वर्षहरूमा संरचना कमजोर बन्दै गएपछि ठूला प्रतियोगिता सञ्चालन हुन सकेका थिएनन् ।






## गोली हानी हत्या गरिएकी युवतीको पहिचान अझै खुलेन



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २९ फागुन**

धनुषाको औरही गाउँपालिका-१ पौडेसरस्थित सडकछेउ गोली हानी हत्या गरिएकी अन्दाजी २५ वर्षीया युवतीको पहिचान डेढ महिनापछि पनि खुल्न सकेको छैन । प्रहरीले घटनाको अनुसन्धान जारी राखे पनि मृतक को हुन्? र, कसले हत्या गर्‍यो? भन्ने विषय अझै रहस्यमै रहेको छ ।

२३ माघको बिहान स्थानीयले सडकछेउ युवतीको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटनास्थल पुगेको प्रहरी टोलीले शवको प्रारम्भिक परीक्षण गर्दा युवतीको बायाँ कनपट्टीमाथि गोली लागेको र गोली टाउको छेड्दै दायाँ भागबाट निस्किएको देखिएको थियो । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी गणेश बमका अनुसार मृतक युवती करिब ५ फिट ४ इन्च उचाइकी, कालो वर्णकी थिइन् । घटनाका बेला उनले निलो सुरुवाल, सेतो स्वेटर र खुट्टामा चप्पल लगाएकी थिइन् ।

### तपाईको टुडे

मेष: खानपानमा समस्या आउने
वृष: मनमा पछुतो आउने
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कट: अनावश्यक चिन्ता
सिंह: आम्दानी हुने
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: पिछडेको साथी मिल्ने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: विचार गरेर बोल्नुहोला
कूम्भ: लामो यात्राको योग छ
मीन: शुभ कार्यको शुरुवात



### मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ब्राजिलका पूर्व राष्ट्रपति बोल्सोनारो अस्पताल भर्ना

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ फागुन



निर्वाचित सत्ता उल्टाउने विद्रोह 'कू' को षड्यन्त्र रचेको अभियोगमा जेलमा रहेका ब्राजिलका पूर्व राष्ट्रपति जायर बोल्सोनारो अस्वस्थ भएपछि शुक्रबार अस्पताल भर्ना गरिएको उहाँको पारिवारिक स्रोतले जानकारी गराएको छ ।

"बुवा फेरि अस्पताल जाँदै हुनुहुन्छ । प्रारम्भिक रिपोर्ट अनुसार उहाँलाई निमोनियाका कारण लगातार वान्ता आउने समस्या भएपछि अस्पताल भर्ना गरिएको छ," सिनेटर तथा राष्ट्रपति पदका आकाङ्क्षी फ्लाभियो बोल्सोनारोले एक्समा लेखेका छन् । पूर्व राष्ट्रपति बोल्सोनारोलाई सन् २०२२ को चुनावमा पराजित भएपछि असफल 'कू' प्रयास गर्न आफ्ना समर्थकलाई उक्साएको अभियोगमा २७ वर्षको जेल सजाय सुनाइएको थियो । सन् २०१८ मा एक चुनावी अभियानका क्रममा पेटमा छुरा प्रहार भएपछि उहाँ बारम्बार स्वास्थ्य समस्याबाट पीडित भएका थिए ।

ब्राजिलको अर्को राष्ट्रपति चुनाव अक्टोबरमा हुँदैछ र जेलमा रहे पनि बोल्सोनारो देशको राजनीतिक मञ्चमा प्रमुख व्यक्तित्व बनेका छन् । पूर्व राष्ट्रपति बोल्सोनारोले आफ्ना जेठा छोरा फ्लाभियो बोल्सोनारोलाई वर्तमान वामपन्थी राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भालाई चुनौती दिन दक्षिणपन्थी उम्मेदवारको रूपमा घोषणा गरे । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका सहयोगी बोल्सोनारोका वकिलहरूले ब्राजिलका लागि अमेरिकी विदेश मन्त्रालयका नयाँ सल्लाहकार ड्यारेन बिटीलाई मार्च १८ मा जेलमा बोल्सोनारोसँग भेट्न अनुमति दिन सर्वोच्च अदालतसँग माग गरेका थिए ।

# 'मुन्नाभाई एमबीबीएस' की चर्चित अभिनेत्री मुमैत किन भइन् गायब ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ फागुन



सन् २००३ मा रिलिज सुपर हिट फिल्म 'मुन्नाभाई एमबीबीएस' को गीत 'देख ले' बाट रातारात चर्चामा छाएकी अभिनेत्री मुमैत खान लामो समयदेखि फिल्मी पर्दाबाट बाहिर छिन् । कुनै समय आइटम डान्स र अभिनयका कारण बलिउड र साउथ फिल्ममा तहल्का मच्चाएकी मुमैत एकाएक ग्ल्यामर दुनियाँबाट टाढा भएकी हुन् ।

उनले हालै सामाजिक सञ्जालमार्फत आफू ग्ल्यामर दुनियाँबाट टाढा हुनुको पीडादायी खुलासा गरेकी छन् । जसमा आफू टाढा हुनुलाई एक दुर्घटना बताएकी छिन् । 'काँटे', 'शक्ति', 'हलचल', 'लकी' र 'राउडी राठौर' जस्ता धेरै चर्चित फिल्महरूमा काम गरेकी उनी सफलताको शिखरमा रहेकै बेला अचानक हराएकी हुन् । मुमैतका अनुसार उनले फिल्म उद्योग स्वेच्छाले छोडेकी थिइनन्, बरु एउटा भयानक दुर्घटनाका कारण उनी थला परेकी थिइन् ।

उनका अनुसार उनको दिमागको पाँच वटा नसा फुटेका थिए । चिकित्सकहरूले उनलाई कम्तीमा सात वर्षसम्म काम नगर्न र कुनै पनि गह्रौं सामान नउचाल्न सुझाएका थिए । 'मैले इन्डस्ट्री छोडेको थिइनँ, तर भगवानले मेरो काममा 'फुल स्टप' लगाइदिनुभयो', उनले भनिन् । उपचारका क्रममा प्रयोग गरिएका औषधिहरूका कारण मुमैतको तौल निकै बढ्यो । शारीरिक परिवर्तनका कारण उनलाई फिल्ममा काम आउन छाड्यो ।

# चालू पुँजी कर्जामा थप खुकुलो बन्यो राष्ट्र बैंक, राजमार्ग विस्तारका पीडितलाई पनि राहत

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ फागुन




नेपाल राष्ट्र बैंकले चालू पुँजी कर्जाको नीतिलाई खुकुलो बनाएको छ । व्यवसायीहरूको मागलाई सम्बोधन गर्दै राष्ट्र बैंकले चालू पुँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७९ संशोधन गरेको हो ।

संशोधित मार्गदर्शन अनुसार अब बैंक तथा वित्तीय संस्थाहरूले स्थायी चालू पुँजी कर्जाको भुक्तानी अवधि आफैं निर्धारण गर्न पाउनेछन् । यसअघि यस्तो कर्जा अनिवार्य रूपमा ३ देखि १० वर्षसम्मको हुनुपर्ने व्यवस्था थियो । योसँगै अब व्यवसायको प्रकृति, क्षेत्र र नगद प्रवाहको विश्लेषण गरी बैंकहरूले यस्तो कर्जाको न्यूनतम र अधिकतम सीमा तोक्न सक्नेछन् ।

राष्ट्र बैंकले क्यास क्रेडिट कर्जाको बक्यौता सीमामा पनि खुकुलो बनाएको छ। यसअघि कर्जा सीमाको १० प्रतिशतभन्दा कम बक्यौता कायम गर्नुपर्ने व्यवस्था रहेकोमा यो सीमालाई घटाएर ३० प्रतिशतभन्दा कम बक्यौता कायम गरे हुने व्यवस्था गरिएको छ । यसअघि गइसकेका स्थायी प्रकृतिको चालु पुँजी कर्जाहरूलाई ऋणीको नगद प्रवाह र आवश्यकता हेरी २०८३ असार मसान्तसम्ममा एक पटकका लागि पुनरतालिकीकरण गर्न सकिने छुट पनि दिइएको छ । यसरी पुनरतालिकीकरण गर्दा कर्जालाई खराब वर्गमा झार्नु पर्ने वा थप कर्जा नोक्सानी व्यवस्था गर्नु नपर्ने व्यवस्था समेत संशोधनमार्फत् गरिएको छ । अर्कोतिर राष्ट्र बैंकले हेटौंडा लगायत पूर्व पश्चिम राजमार्ग र मध्यपहाडी लोकमार्ग विस्तारका कारण विस्थापित भएका व्यवसायीहरूको मर्जा पुनर्तालिकीकरणलाई समेत सहज बनाएको छ ।

# हिमालयन जाभा नेशनल बास्केटबल लिग: हाउण्ड्समाथि टाईम्सको रोमाञ्चक जित

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ फागुन




हिमालयन जाभा नेसनल बास्केटबल लिग (एचजेएनबीएल) २०२६ मा शुक्रबार दिउँसो भएको खेलमा साविक विजेता टाईम्स ईन्टरनेसनल क्लबले केभिसी हाउण्ड्समाथि रोमाञ्चक जित हात पारेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा भएको खेलमा टाईम्सले हाउण्ड्सलाई ७३-६८ ले हरायो । निकै प्रतिस्पर्धात्मक खेलमा टाईम्सले पहिलो क्वाटरमा बनाएको १७-११ को अग्रता नै जितमा निर्णायक बन्यो । दोस्रो क्वाटर र चौथो क्वाटरमा दुवै टोलीले समान अंक जोडेका थिए भने तेस्रो क्वाटरमा हाउण्ड्सले जम्मा एक अंकको अग्रता बनाएको थियो । दोस्रो क्वाटर १९-१९ र चौथो क्वाटर २०-२० मा सकिएको थियो भने तेस्रो क्वाटरमा हाउण्ड्सले १८-१७ ले आफ्नो पक्षमा पारेमो थियो । टाईम्सका श्रेयश बहादुर शाहले सर्वाधिक २७ अंक स्कोर गरे । उनी खेलको प्लेअर अफ दि म्याच घोषिच भए । पहिलो खेलमै गोल्डेनगेट इन्टरनेसकल क्लबसँग पराजित भएको टाइम्सको यो पहिलो जित हो । हाउण्ड्सको भने यो लगातार दोस्रो हार हो । यस्तै बिहीबार राती भएको खेलमा त्रिभुवन आर्मी क्लबले गोल्डेनगेट ईन्टरनेशनल क्लबलाई ९१-६७ ले पराजित गरेको थियो । आर्मीको यो लगातार दोस्रो जित हो भने गोल्डेनगेटको पहिलो हार हो ।






# आधुनिक डिजिटल समाजको प्रवृत्ति

-सामाजिक सञ्जालले मानिसबीचको सञ्चार, सूचना आदानप्रदान र लोकप्रियता प्राप्त गर्ने तरिकालाई आधुनिकीकरण गरिदिएको छ। यससँगै 'भाइरल' हुने प्रवृत्ति पनि चर्चित बनेको छ। 'भाइरल' र 'हाइप' भन्ने शब्द अब सामाजिक सञ्जाल प्रयोगकर्तामा मात्र सीमित छैन, छलफलका सबै मञ्चमा फैलिएको छ। सामाजिक सञ्जालको तीव्र विस्तार, स्मार्टफोनको सहज उपलब्धता र डिजिटल प्लाटफर्मको प्रभावशाली पहुँचले यसलाई आधुनिक समाजको केन्द्रीय प्रवृत्तिमा रूपान्तरण गरिदिएको छ।

२३ र २४ भदौमा जेन-जी आन्दोलन भयो। यो आन्दोलनको योजना के र कसरी सुरु भयो भन्ने प्रश्न सबैको मनमा छ तर सामाजिक सञ्जालले नै धेरैलाई उत्साहित गरेको थियो। अन्य कुनै देशमा चलेको ट्रेन्ड नेपालमा व्यापक रूपमा चल्न थाल्यो, नेपो बेबी, नेपो किड, नेताहरूको महँगो र आलिसान जीवनशैलीमाथि व्यापक रूपमा टिकटक, फेसबुक, इन्स्टाग्रामबाट पोस्ट हुन थाल्यो।

ती प्लाटफर्महरूले राजनीतिक व्यंग्य र आक्रोशयुक्त सामग्रीलाई तीव्र रूपमा प्रसार गरे। अल्गोरिदमले लोकप्रिय सामग्रीलाई अझ व्यापक बनाउँदै जाँदा असन्तुष्टि सामूहिक भावनामा रूपान्तरण भयो र डिजिटल असन्तोषले सडक आन्दोलनको स्वरूप लिन थाल्यो। सामाजिक सञ्जालबाट सुरु भएको आन्दोलन सडकसम्म पुग्यो। अहिलेको समयमा दुर्घटना भयो भने मानिस आफ्नो मोबाइलबाट तस्बिर र भिडियो खिच्छन्। पीडितलाई सहारा दिने कमै हुन्छन्। यस्तो दृश्य केवल व्यक्तिका कमजोरी मात्र होइनन्, हाम्रो डिजिटल संस्कृतिको बदलिँदो अनुहार हो, जहाँ मानवीय संवेदनाभन्दा दृश्य सामग्रीको मूल्य बढी भएको छ। त्यसैले संवेदनशीलताभन्दा लोकप्रियताले मान्यता पाएको छ। मानिसमा 'पहिले खिच र पछि सोच' भन्ने मानसिकता विकास हुँदै गएको छ। दुर्घटना, गरिबी, बालश्रम वा अन्य सामाजिक समस्यालाई समाधान गर्नेभन्दा पनि प्रदर्शन गर्ने विषय बनाइदिएको छ।

आधुनिक डिजिटल समाजमा भाइरल हुनु उपलब्धि जस्तो ठानिन थालेको छ तर यदि त्यो भाइरलपन मानवता गुमाएर प्राप्त हुन्छ भने त्यो प्रगति होइन, संवेदनहीनताको संकेत हो। अहिले डोपामिन संस्कृति बढ्दै गएको छ। सामाजिक सञ्जालले लोकप्रियता मार्फत तुरुन्त सन्तुष्टि दिन्छ। मस्तिष्कमा डोपामिनको सिर्जना गरेर सामाजिक मान्यताका रूपमा विकास गरेको अवस्था छ। 'मेरो किन यति थोरै लाइक्स, उसको किन बढी ?' जस्ता प्रश्न मनमा उब्जिन थाल्छ र सुरु हुन्छ डोपामिनको खेल। आफू चर्चित हुन जुनसुकै हदसम्म जान तयार हुन्छन्। केवल केही सेकेन्डको भाइरल चर्चाका लागि लाइक र प्रतिक्रियाको संख्या नै आत्ममूल्यांकनको आधार बन्दै जान्छ। तुलना, असन्तुष्टि र असुरक्षाको भावना बढ्छ, अरूको सफलताको चम्किलो झलकसँग आफ्नो वास्तविक जीवन दाँज्न थालिन्छ। क्रमशः धैर्य घट्दै जान्छ, एकाग्रता कमजोर बन्छ र वास्तविक सम्बन्धहरूभन्दा डिजिटल उपस्थितिलाई प्राथमिकता दिइन्छ।

जब अपेक्षाअनुसार प्रतिक्रिया आउँदैन, निराशा, चिन्ता र हीन भावनाले ठाउँ लिन्छ। मानिस वास्तविक उपलब्धि, सीप र चरित्र विकासभन्दा डिजिटल स्वीकृतिको पछि दौडिन थाल्छन्। नेपालजस्ता देशका लागि 'हाइप' सही दिशामा प्रयोग गर्दा समुदायलाई सशक्त बनाउने र विश्वसँग जोड्ने माध्यम बन्न सक्छ। उदाहरणका लागि, मुस्ताङ, मुगु र कर्णालीका स्थानहरू पहिले पर्यटकको दृष्टिमा खासै चर्चित थिएनन् तर टिकटक, फेसबुक र युट्युबमा त्यहाँका प्राकृतिक दृश्य, सडक यात्रा, स्थानीय जीवनशैलीका भिडियोहरू भाइरल भएपछि ती स्थानहरूमा पर्यटकको चाप अचानक बढ्यो। व्यवसाहीले गाइड वा होमस्टे व्यवसाय सुरु गरेर रोजगारी सिर्जना गरे, जुन सामाजिक मिडियाको 'हाइप' ले सम्भव बनाएको वास्तविक विकास हो। विपद् व्यवस्थापनमा सामाजिक मिडियाको भूमिका निर्णायक रहेको छ। २०१५ को भूकम्पपछि राहत आवश्यकताबारे पोस्टहरू भाइरल हुँदा अन्तर्राष्ट्रिय सहयोग छिटो जुट्यो। अहिले पनि हिमाली र पहाडी भेगमा बाढी, पहिरो गएर जनधनको क्षति हुँदा देश-विदेशबाट अनलाइन लेनदेन गरी सहयोग गर्ने र स्वयंसेवक समन्वय सामाजिक मिडियाबाट सम्भव रहेको छ। सामाजिक समस्यामा पनि 'हाइप' ले ठूलो प्रभाव पारी धेरैलाई समाधानतर्फ धकेलेको छ। केही वर्षअघि नेपालका विभिन्न जिल्लामा विद्यालयभित्र विद्यार्थीमाथि यौन उत्पीडन र यौन दुर्व्यवहार भएका घटना सार्वजनिक भएपछि, पहिले स्थानीयस्तरम ा मात्र चर्चा हुने यस्ता घटनाका विषयहरू राष्ट्रियस्तरमै चर्चामा आएर 'भाइरल' भई भिडियो, स्टोरी वा पोस्टमार्फत आवाज उठाउन थालिएपछि घटनाले व्यापक ध्यान पायो र सम्बन्धित निकायले छानबिन गरी दोषीमाथि कारबाही अघि बढाउन बाध्य भए। यही प्रक्रियाका कारण निर्मला हत्याकाण्ड पनि सम्पूर्ण नेपालमा फैलिएको हो। साथै, ह्यासट्याग 'रेडटीकाच्यालेन्ज' ले नेपाली समाजमा सानो तर शक्तिशाली सन्देश फैलायो। अनलाइन चुनौतीमा मानिसहरूले रातो पोसाक र टीका लगाएर फोटो सेयर गरे, जसले विधवा र एकल महिलाहरूमाथि रहेका पुराना कुप्रथा र लैंगिक भेदभावलाई उजागर गर्‍यो।



**सांभार : कान्तिपुर।**













प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday